आज मिति २०८३/०५/२५ गतेका दिन बागलुङ नगरपालिकाका नगर प्रमुख श्री बसन्त कुमार श्रेष्ठज्यूको अध्यक्षतामा बसेको बागलुङ नगर कार्यपालिकाको बैठकको उपस्थिती र निर्णय निम्नानुसार छ।

**उपस्थिति**

| क्र.स. | दस्तखत | पद | नामथर |
|---|---|---|---|
| १ | | अध्यक्ष एवं नगरप्रमुख | श्री बसन्त कुमार श्रेष्ठ |
| २ | | सदस्य एवं नगरउपप्रमुख | श्री राजु खड्का |
| ३ | | सदस्य एवं वडा अध्यक्ष | श्री जय बहादुर के.सी. |
| ४ | | सदस्य एवं वडा अध्यक्ष | श्री सुरज बोसेल |
| ५ | | सदस्य एवं वडा अध्यक्ष | श्री सनि के.सी. (लक्ष्मण) |
| ६ | | सदस्य एवं वडा अध्यक्ष | श्री कुमार विक्रम क्षेत्री |
| ७ | | सदस्य एवं का.वा.वडा अध्यक्ष | श्री चक्रपाणी शर्मा |
| ८ | | सदस्य एवं वडा अध्यक्ष | श्री रुद्र बहादुर के.सी. |
| ९ | | सदस्य एवं वडा अध्यक्ष | श्री मेघनाथ शर्मा |
| १० | | सदस्य एवं वडा अध्यक्ष | श्री छम बहादुर कार्की |
| ११ | | सदस्य एवं वडा अध्यक्ष | श्री राजु थापा |
| १२ | | सदस्य एवं वडा अध्यक्ष | श्री तिल बहादुर थापा मगर |
| १३ | | सदस्य एवं वडा अध्यक्ष | श्री ज्ञानेन्द्र गौतम |
| १४ | | सदस्य एवं वडा अध्यक्ष | श्री कोपिलामणी शर्मा |
| १५ | | सदस्य एवं वडा अध्यक्ष | श्री नारायण शर्मा पौडेल |
| १६ | | सदस्य एवं वडा अध्यक्ष | श्री चक्र बहादुर खत्री |
| १७ | | सदस्य एवं का.पा. सदस्य | श्री ज्योती के.सी. (विष्ट) |
| १८ | | सदस्य एवं का.पा. सदस्य | श्री सुनिता श्रेष्ठ |
| १९ | | सदस्य एवं का.पा. सदस्य | श्री धनमाया शर्मा |
| २० | | सदस्य एवं का.पा. सदस्य | श्री टुका देवी शर्मा आचार्य |
| २१ | | सदस्य एवं का.पा. सदस्य | श्री शान्ती बोसेल |
| २२ | | सदस्य एवं का.पा. सदस्य | श्री सीता थापा |
| २३ | | सदस्य एवं का.पा. सदस्य | श्री ढाका बहादुर परियार |
| २४ | | सदस्य एवं का.पा. सदस्य | श्री चुरा बहादुर सुनार |
| २५ | | सदस्य सचिव एवं प्र.प्र.अ. | श्री राजन के.सी. |

अन्य उपस्थिति

| | | | |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |

**प्रस्तावहरु**

१. गत बैठकको समिक्षा सम्वन्धमा ।

२. नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत बीच कार्यसम्पादन सम्झौता सम्बन्धमा ।

३. प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा सहयोग रकम जम्मा गर्ने सम्वन्धमा ।

४. वडा नं. ११ राजनैतिक नक्सा संशोधनको लागि अनुरोध गर्ने सम्बन्धमा ।

५. सार्वजनिक खरिद एकाई तथा मुल्याङ्कन समिति पूर्नगठन गर्ने सम्बन्धमा ।

६. विविध सम्बन्धमा ।

**निणर्यहरु**

**निणर्य नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा गत बैठकबाट भए गरेका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समिक्षा गरियो र निर्णय भएका विषयहरुको कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो ।

**निणर्य नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा नगरपालिकाको कार्यसम्पादनलाई चुस्त, दुरुस्त, पारदर्शी र विधिसम्मत बनाउन चालु आर्थिक वर्षमा सम्पादन गर्नुपर्ने प्रमुख कार्यहरूको सूची र नतिजा प्राप्तिका सूचकहरू निर्धारण गरी नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत बीच कार्यसम्पादन सम्झौता गर्ने र सोपश्चात् प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखहरूबीच र नगर शिक्षा अधिकारी र विद्यालयका प्र.अ.हरूबीच कार्यसम्पादन सम्झौता गर्ने निर्णय गरियो ।

**निणर्य नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यही मिति २०८३ भाद्र १० गते भोटेकोसी नदीमा आएको भीषण बाढी तथा त्यसबाट तटीय क्षेत्रमा पुग्न गएको अकल्पनीय र अपूरणीय क्षतिले बागलुङ नगरपालिकालाई स्तब्ध र मर्माहत बनाएको छ । रसुवा, नुवाकोट, धादिङ लगायतका प्रभावित जिल्लाहरूमा भएको जनधनको अपार क्षतिप्रति यो बैठक गहिरो दु:ख व्यक्त गर्दछ ।

उक्त विपदमा परि अमूल्य जीवन गुमाउनुहुने सम्पूर्ण ज्ञात अज्ञात दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दछौं । उक्त घटनामा घाइते हुनुभएकाहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै बेपत्ता हुनुभएका सम्पूर्ण व्यक्तिहरूको खोजी तथा उद्धार कार्यमा सहयोग गर्न सवैमा हार्दिक अनुरोध गर्दछौं । संकट र पीडाको यस घडीमा प्रभावित नागरिकहरूको उद्धार, राहत तथा

पुनर्स्थापनाका कार्यहरूमा ऐक्यबद्धता जनाउँदै बागलुङ नगरपालिकाको तर्फबाट देहाय बमोजिम सहयोग गर्ने निर्णय गरियो ।

**तपसिल**

(क) नेपाल सरकारको प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा बागलुङ नगरपालिकाको तर्फबाट रु ५००,०००।- (अक्षरुपी पाँच लाख रुपैयाँ मात्र) आर्थिक सहयोग उपलब्ध गराउने ।

(ख) नेपाल सरकार सचिवस्तरको बैठकबाट तोके बमोजिम यस नगरपालिका अन्तर्गत कार्यरत सम्पूर्ण शिक्षक तथा राष्ट्रसेवक कर्मचारीहरूको तलबबाट कट्टी गरी उक्त कोषमा जम्मा गर्ने ।

**निणर्य नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा साविक रायडाडा गाविस हाल बागलुङ नगरपालिका वडा नं. ११ स्थित तल्लो राम्तोला, काभ्रे, मौरीभिर, तमाखुवारी लगायतको भूगोल तथा बस्ती बागलुङ नगरपालिकाको राजनीतिक नक्सामा प्राविधिक कारणवस छुट हुन गएको तर उक्त क्षेत्रमा बसोवास गर्ने नागरिकहरुले बागलुङ नगरपालिका र वडा नं. ११ को वडा कार्यालयबाट प्रदान गरिने सवै सेवा सुविधाहरु (तिरो, सामाजिक सुरक्षा भत्ता समेत) उपभोग गरिरहनु भएको हुँदा उक्त छुट हुन गएको भूगोल समेटिने गरी बागलुङ नगरपालिकाको राजनीतिक नक्सा संशोधन गर्न आवश्यक समन्वयकारी भूमिका निर्वाह गरिदिन जिल्ला समन्वय समितिको कार्यालय, बागलुङलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निणर्य नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को परिधिभित्र रही यस कार्यालयको खरिद तथा मूल्यांकन सम्बन्धी कार्य गर्नका लागि यसपूर्व गठन भएको खरिद एकाई र मूल्यांकन समितिमा कर्मचारीको शाखागत जिम्मेवारी हेरफेरको कारण केही पद रिक्त हुन गएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १६ र १४७ तथा सार्वजनिक निकायले खरिद सम्बन्धी कार्य गर्ने कर्मचारीको योग्यता निर्धारण मापदण्ड, २०७८ बमोजिम हुने गरी उल्लेखित समितिलाई देहाय बमोजिम पुनर्गठन गर्ने निर्णय गरियो ।

**(क) खरिद एकाई**

संयोजक : श्री सुवाश गैरे (सहायक प्रशासकीय अधिकृत, जिन्सी उपशाखा)

सदस्य : श्री सुरज श्रेष्ठ (सब-इन्जिनियर, प्राविधिक शाखा)

सदस्य : श्री मञ्जु के.सी. थापा (सहायक लेखा अधिकृत, लेखा शाखा)

(ख) **मूल्यांकन समिति**

संयोजक : श्री धन प्रसाद पोखरेल (उपसचिव, शिक्षा शाखा)

सदस्य : श्री प्रेम प्रसाद शर्मा (लेखा अधिकृत, आर्थिक प्रशासन शाखा)

सदस्य : श्री दिपेन्द्र बहादुर भण्डारी (इन्जिनियर, प्राविधिक शाखा)

सदस्य : श्री भिमसेन पन्त (अधिकृत छैटौं, प्रशासन शाखा)

सदस्य : श्री सुवाश गैरे (अधिकृत छैटौं, जिन्सी उपशाखा)

साथै उल्लेखित समितिमा ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम विज्ञ सदस्यहरुलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ ।

निणर्य नं. ६ (विविध)

प्रस्ताव नं. ६ माथि छलफल गर्दा निरन्तरको वर्षाका कारण ग्रामीण क्षेत्रका विभिन्न स्थानमा पहिरो गई सडक अवरुद्ध हुन पुगेको, जसले गर्दा यात्रु तथा सवारी साधन आवतजावतमा कठिनाइ भएको भनी वडावासीहरूबाट गुनासो प्राप्त हुन आएको साथै, नजिकिंदै गरेका चाडपर्वहरूलाई समेत दृष्टिगत गर्दा सडकमा रहेको अवरोध हटाई यातायात सेवा यथाशीघ्र सुचारु गर्न आवश्यक देखिएकोले नगरपालिकाको जे.सी.बी. (JCB) मार्फत अवरुद्ध सडकहरू खुलाई सुचारु गर्न आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।